# सुस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुडिया, नवलपरासी(ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल ।

प.स.:०८०।०८१
च.न

मितिः २०८१।०१।१२

**व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी सुचना ।**

प्रस्तुत विषयमा यस सुस्ता गाउँपालिका वडा न. १ देखि ५ भित्र संचालन भएका वित्तीय संस्था ( बैंक,फाइनान्स,लघु वित्त, बिमा कम्पनीहरु,मनि ट्रान्सफर, सहकारी),शैक्षिक संस्था(निजी विद्यालय,प्रशिक्षण केन्द्र),निजी स्वास्थ्य सेवा केन्द्र, ठुला, मझौला र घरेलु तथा साना उद्योग (भेली ,पलास्टिक, चीनी, केसर आदि) र अन्य सबै प्रकारका नाफामुलक पसल तथा व्यवसायहरु गाउँपालिकामा व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुहुन अनुरोध गरीन्छ । साथै यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका सम्पुर्ण व्यवसायीहरुले आ.व. २०८०।०८१ मा आफ्नो व्यवसाय दर्ता तथा नवीकरण गर्नका लागी अनिवार्य रुपमा बैशाख २५ गते भित्र तपसिल बमोजिमको कागजात गाउँपालिकाको उद्यम विकास शाखामा पेश गरी आफ्नो व्यवसाय दर्ता तथा नविकरण गर्नुहुन सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

<u>तपसील</u>

**नयाँ व्यवसाय दर्ताका लागी आवश्यक कागजातहरु :**

१. रित पुगेको निवेदन,
२. व्यवसायीको नागरीकता प्रमाणपत्र प्रतिलिपी,
३. व्यवसायीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति,
४. सम्बन्धित वडा कार्यालयको सिफारिस,
५. वडा सर्जमिन मुचुल्का,
६. यदि व्यवसायीको लागी घर/जग्गा भाडामा लिएको भए भाडा करार सम्झौता पत्र,
७. व्यवसाय रहने जग्गाको पुर्जाको प्रतिलिपी,
८. व्यवसाय रहने जग्गाको मालपोत तिरेको रसिदको प्रतिलिपी,
९. व्यवसायको पूँजी अनुसारको राजश्व बुझाएको रसिद ।

**व्यवसाय नवीकरणका लागि आवश्यक कागजातहरु :**

१. निवेदन
२. सक्कल व्यवसाय दर्ता प्रमाणपत्र,
३. प्यान दर्ता प्रमाणपत्र प्रतिलिपी,
४. करचुक्ता प्रमाणपत्र प्रतिलिपी,
५. मालपोत तिरेको रसिद ।

०८१।०१।१२

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत